म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८३ आइतबार २८ माघ २०८० ने. सं. ११४४ सिल्लाथ्व 11 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लोकतन्त्रवादी चेपाङ संघ मकवानपुरमा महेश

हेटौंडा, २७ माघ/नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतन्त्रवादी चेपाङ संघ जिल्ला तदर्थ समिति मकवानपुरको अध्यक्षमा महेश चेपाङ मनोनित भएका छन् ।

संघका बागमती प्रदेश अध्यक्ष खेमबहादुर चेपाङले महेशलाई मकवानपुर जिल्लाको अध्यक्षमा मनोनयन गरेका हुन् । मनोनित अध्यक्ष महेशलाई तीन महिनाभित्र कार्यसमिति पूर्ण गरी अधिवेशन गर्न प्रदेश समितिले निर्देशन दिएको छ ।

मनोनित अध्यक्ष पछि अध्यक्ष चेपाङले नेपाली कांग्रेस र नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको विधिविधानमा रहेर कार्य गर्ने प्रतिवद्धता जनाए । यसअघि लोकतन्त्रवादी चेपाङ महासंघको अध्यक्षमा मकवानपुरकै सन्तबहादुर चेपाङ मनोनित भइसकेका छन् ।

# एपीएफले जित्यो शहीदस्मृति गोल्डकप

साझाकुरा संवाददाता



हेटौंडा, २७ माघ/ हेटौंडामा भएको छैठौं संस्करणको स्थानीय तह शहीदस्मृति मकवानपुर गोल्डकपको उपाधि विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबले जितेको छ ।

हेटौंडा-६, स्थित गौरीटार रंगशालामा भएको खेलमा एपीएफले पुरानो प्रतिद्वन्द्वी न्यूरोड टिम (एनआरटी) फुटबल टिमलाई हराएर १५ लाख रुपैयाँ राशीको उपाधि जितेको हो । एपीएफले शहीदस्मृति गोल्डकपको उपाधि पहिलो पटक उचालेको हो । पाँचौं संस्करणमा सेमिफाइनलबाटै बाहिरिएको थियो एपीएफ । उपाधि जित्न एपीएफलाई भाग्यले पनि साथ दिएको छ ।

झण्डै प्रतियोगितामै सहभागिता नजनाएको एपीएफ दोस्रो रोजाईमा हेटौंडा आएको थियो । एपीएफ गोल्डकपको दोस्रो रोजाईको टिम थियो । आयोजकले साविक विजेता मनाङ मर्स्याङ्दी क्लब नआउने भएपछि एपीएफलाई सहभागिताको मौका दिएको थियो । फुटबल संघ मकवानपुरको निम्ता मान्दै मनाङको ठाउँमा आइपुगेको एपीएफले दोस्रो रोजाईकै न्यूरोड टिम (एनआरटी) फुटबल क्लबलाई सडनडेथमा पराजित गरेको हो ।

एनआरटी पनि संकटा क्लबको ठाउँमा सहभागिता जनाउन आएको थियो । गोल्डकपको पहिलो रोजाईमा नपरेको एपीएफले पहिलोपटक उपाधि जित्दा १३ माघमा इलाम गोल्डकप जितेको एनआरटी सिजनको दोस्रो उपाधि उचाल्नबाट चुक्यो । एनआरटीले उपविजेता हुँदै १० लाख जितेको छ । एपीएफ र एनआरटीले निर्धारित समयमा गोररहित बराबरी खेलेका थिए । टाईब्रेकरमा पनि ३-३ बराबरी भएपछि खेल सडनडेथमा पुगेको थियो ।

सडनडेथमा एपीएफका लागि फोडे फोफोनाले निर्णायक गोल गरे । एनआरटीका लागि मोहित गुरुङले गोल गरे पनि रन्दिप पौडेलको प्रहार एपीएफका गोलरक्षक एन्जल श्रेष्ठले उत्कृष्ट बचाउ गरेका थिए । सडनडेथमा एपीएफको पहिलो गोल मणिकुमार लामाले र निर्णायक गोल फोफोनाले गरेका हुन् । फाइनल खेलको म्यान अफ दी म्याच एपीएफका गोलरक्षक श्रेष्ठ भएका छन् । उनले १० हजार पाए ।

गोल्डकपको सर्वोत्कृष्ट खेलाडी एपीएफका अनिष महर्जन भए । उनले 'रोयल इन्फिल्ड' बुलेट मोटरसाइकल हात पारे । विधागत रुपमा उत्कृष्ट गोलरक्षक एपीएफकै श्रेष्ठ, डिफेन्डर एपीएफका कुलदीप कार्की, मिडफिल्डर एनआरटीका जय गुरुङ, फर्वाड एनआरटीकै जोन ग्लोरी र प्रशिक्षक एपीएफका सुमन श्रेष्ठ भए । उनीहरुले जनही २५ हजार नगद पुरस्कार पाएका छन् । बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले विजेता, उपविजेता र उत्कृष्ट खेलाडीलाई पुरस्कार प्रदान गरेकी थिइन् ।

२०६२/६३ को जनआन्दोलनका शहिदको स्मृतिमा २०६४ मा आयोजित गोल्डकपको पहिलो संस्करणको उपाधि थ्रीस्टार क्लबले जितेको थियो । त्यसपछि १३ वर्षसम्म प्रतियोगिता हुन सकेको थिएन । २०७५ मा भएको दोस्रो संस्करणको उपाधि घरेलु टोली मकवानपुर-११ ले जितेको थियो । २०७७ सालमा भएको तेस्रो संस्करण र त्यसपछिको चौथो संस्करणको उपाधि आर्मीले जितेको थियो । पाँचौं संस्करणको उपाधि मनाङ मर्याङ्दीले जितेको थियो ।

### महर्जनलाई सम्मान

राष्ट्रिय फुटबल टोलीका पूर्वखेलाडी प्रदीप महर्जन गृहनगरमा सम्मानित भएका छन् । मकवानपुर जिल्ला फुटबल संघले गोल्डकपको फाइनलमा दौरान शनिबार प्रदीपलाई सम्मान गरेको हो ।

प्रदीपले आमाबुवाका साथ सम्मानपत्र ग्रहण गरेका थिए । संघले फुटबलका माध्यमबाट प्रदीपले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा योगदान पुर्‍याएको भन्दै सम्मान गरेको जनाएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य समेत रहेका मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाले प्रदीपललाई सम्मान गरेका हुन् । प्रदीप हेटौंडा उपमहानगरपालिका-९ का स्थायी बासिन्दा हुन् ।

सन् २००५ मा राष्ट्रिय फुटबल टोलीबाट डेब्यु गरेका प्रदीप आफ्नो समकालीन खेलाडीमा उत्कृष्ट मिडफिल्डर मध्येका एक हुन् । २००८ मा थाइल्याण्डको बैंककमा राउन्ड ग्लाससँग मैत्रीपूर्ण फुटबलमा चोटग्रस्त हुनुअघिसम्म उनी राष्ट्रिय टोलीका नियमित सदस्य थिए । एन्फा एकेडेमीका उत्पादन प्रदीपले लामो समय थ्रीस्टार क्लबबाट व्यावसायिक फुटबल खेलेका थिए ।

# मकवानपुरगढीका माधव 'बाकस'मा फर्किए, शोकमग्न गाउँ

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/घरको कमजोर आर्थिक अवस्थालाई उकास्न मलेसिया पुगेका मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ का माधव ढुंगाना बाकसमा फर्किएका छन् ।

घरको जेठो छोराको जिम्मेवारी काँधमा बोकेर २५ वर्षको उमेरमै वैदेशिक रोजगारीका लागि मलेसिया हानिएका माधवको शव बाकसमा फर्किंदा गाउँ शोकमग्न छ । मकवानपुरगढीको बुङ्दल, सिमलटार, धादिङ, भागरथी गाउँमा पहिलोपटक बाकसमा शव फर्किएको थियो । गाउँका कलिलो उमेरका युवा पहिलोपटक बाकसमा शव बनेर आउँदा गाउँ नै शोकमा डुबेको हो ।

'हाम्रै अगाडि हुर्किएको भाइ आज बाकसमा आउँदा मन नै रोएको छ । गाउँमा पहिलोपटक यसरी बाकसमा शव आएको हो ।', मृतक ढुंगानाका छिमेकी श्रीराम दाहालले भने । 'घरको आर्थिक अवस्थाले ऊ मलेसिया गएको थियो । जसलाई दु:ख पर्छ उसैले अकालमा ज्यान गुमाउँदा गाउँ नै स्तब्ध बनेको छ ।', उनले सुनाए ।



हेन्ग हिआप इण्डष्ट्रिज एसडीएन बिएचडीमा मजदुरको रुपमा कार्यरत् ढुंगानाको कोठामा सुतिरहेको अवस्थामै २१ माघ २०८० मा मृत्यु भएको मलेसियास्थित नेपाली दुतावासले जानकारी दिएको छ । परिवारकाअनुसार उनको हृदयघातको कारण मृत्यु भएको हो । 'नाइट कामबाट आएर खाना खाएर घरमा कुरा गर्दै सुतिरहेको थियो । सुतेकै अवस्थामा मुखबाट फिँज निकालेर वान्ता गर्न थालेपछि डाक्टर बोलाउँदा मृत घोषणा गरेको सुनिएको छ ।', ढुंगानाको शव ल्याउन सहयोग गरेका स्थानीय सदीप घिमिरेले भने ।

मलेसियास्थित कम्पनीका नेपाली इञ्चार्जसँग सम्पर्क गरेर बुझ्दा हृदयघातबाट मृत्यु भएको जानकारी दिएको घिमिरेले बताए । 'माधव ८ महिना अघिमात्रै मलेसिया पुगेको थियो । त्यहाँको इञ्चार्जसँग मैले कुरा गर्दा हृदयघातले भनेको छ । परिवार आर्थिक अवस्थाले कमजोर छ । उनको काजकिरियाकै लागि हामीले सहयोग उठाइरहेका छौं ।', घिमिरेले भने ।

मलेसियास्थित नेपाली दुतावास र वैदेशिक रोजगार बोर्डको सचिवालयको सहजीकरणमा माधवको शव ६ दिनमा नेपाल ल्याइएको हो । माधवको शव उनका भाइ मदन ढुंगाना र वडाअध्यक्ष दिपेश दाहालले काठमाडौंबाट सीधै गाउँ ल्याएका थिए । मकवानपुरगढी गाउँपालिकाले २२ माघमा पत्रमार्फत बोर्डको सचिवालयलाई शव ल्याउन सहयोगका लागि अनुरोध गरेको थियो । मृतक ढुंगानाको परिवारमा बुवा, आमा, श्रीमती र भाइ छन् ।

मृतक २ वर्षको सम्झौतामा ८ घण्टाको मासिक १५०० सय रिंगेट तलबमा मलेसिया पुगेका थिए । कम्पनीले ओभरटाइमसमेत दिने गरेकाले मासिक २ हजार रिंगेट तलब उनले लिने गरेको परिवारलाई उदृत गर्दै स्थानीय चन्द्र बञ्जारले जानकारी दिए । उनलाई काठमाडौंस्थित प्यासिफिक ओभरसीज कन्सल्ट प्रालिले मलेसिया पठाएको थियो ।

# अभिभावकको स्मृतिमा प्रतीक्षालय

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुर हेटौंडा उपमहानगर पालिका-१४ का रामबहादुर रुम्बाले आमाबुबा र दाइको स्मृतिमा प्रतीक्षालय निर्माण गरेका छन् ।

उनले आमा केशरी, बुबा सुनलाल र दाइ जीतबहादुर रुम्बाको स्मृतिमा हेटौंडा-१४ स्थित कालोपानी चोकमा प्रतीक्षालय निर्माण गरेका हुन् । करिब १ लाख ५० हजार लागतमा निर्माण गरिएको प्रतीक्षालयको शनिबार हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी छन् ।

प्रतीक्षालय उद्घाटन गर्दै नगरप्रमुख लामाले सामाजिक कार्यले हेटौंडा उपमहानगरको विकासमा सहयोग पुग्ने बताइन् । लामाले आफ्नो परिवारको सम्झनामा प्रतीक्षालय निर्माण गरेकोमा रुम्बा परिवालाई धन्यबाद दिदै सामाजिक कार्यमा जोडिन आग्रह गरिन् ।

१४ नम्बर वडालाई हेटौंडा बजारसँग जोडेर बजारको अनुभूति हुने गरी काम गर्ने तयारी उपमहानगरपालिकाको रहेको उनले बताइन् । आफ्नो कार्यकालमा सबै पूर्वाधारहरु निर्माण गर्ने लक्ष्य रहेको लामाले बताइन् । निर्मित प्रतीक्षालय सक्रिय टोल कालोपानी, कालोपानी हुँदै उत्तरपानी र कालोपानी हुँदै बाँडाचौर जाने बाटोको मध्यभागमा पर्दछ । तीनतिरबाट आएका यात्रुलाई थकान मार्न प्रतीक्षालय प्रयोगमा आउने छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# प्रदेश भ्रमण वर्षमा भ्युटावर

बागमती प्रदेश सरकारले सन २०२४ लाई प्रदेश भ्रमणवर्षको रुपमा घोषणा गरेको छ । प्रदेश भ्रमण वर्षलाई लक्षित गरी प्रदेश सरकारले दृश्यावलोकनका लागि भनेर प्रदेशका नौ जिल्लामा करीब २४ करोड लगानीमा एक-एक वटा भ्यूटावर निर्माण सम्पन्न गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने तयारीमा छ । प्रदेश सकारको पर्यटकीय पूर्वाधारको प्रभावकारी सञ्चालन, दिगो व्यवस्थापन र समुचित उपयोगका लागि कार्यविधि निर्माण गरेर सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने अन्तिम तयारीमा लागेको हो । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलले पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदा सहमतिका लागि साउन ९ गते आर्थिक मामिला तथा योजना मन्त्रालय पठाएको छ । मस्यौदा स्वीकृत भएर आउनेबित्तिकै सम्बन्धित निकायलाई हस्तान्तरण गरिने मन्त्रालयले जानकारी दिएको छ ।

एक साताभित्र अर्थ मन्त्रालयबाट पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदा सहमतिका लागि स्वीकृत भएर आईसक्ने र मन्त्रालयले सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने तयारी छ । निर्माण सम्पन्न भएका भ्युटावर सम्बन्धित निकायलाई हस्तारन्तरण गर्ने तयारीमा प्रदेश सरकार लागेको छ । मस्यौदामा निर्माणसम्पन्न भ्यूटावर स्थानीय तहलाई हस्तान्तरण गर्ने प्रावधान छ । स्थानीय तहले व्यवस्थापन गर्न नसके निजी क्षेत्रलाई र वन क्षेत्रमा बनेका भ्यूटावर सम्बन्धित सामुदायिक वनलाई व्यवस्थापनको जिम्मेवारी दिने योजना छ । कार्यविधिको मस्यौदामा पर्यटन पूर्वाधार वा सम्पदा परिसर प्रवेशमा लाग्ने शुल्कलगायत स्थानीय तहले तोकेबमोजिम हुने र निजी क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी शुल्क निर्धारण गर्न सकिने उल्लेख छ । पूर्वाधारको सेवा शुल्कबाट प्राप्त रकमको कम्तिमा १० प्रतिशत पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासमा खर्च गरिनुपर्ने व्यवस्था छ । अधिकांश भ्यूटावर सम्बन्धित स्थानीय तहले नै चलाउने इच्छा देखाएका छन् । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्ममा ९ वटा भ्यूटावर बनाउन २३ करोड ८७ लाख ८८ हजार ७६८ रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, सिन्धुली, नुवाकोट, धादिङ र दोलखामा भ्यूटावर निर्माण गरिएको छ । उपत्यकाका तीन जिल्ला र चितवनमा भने भ्यूटावर निर्माण गरिएको छैन । प्रदेश सरकारले मकवानपुरको चित्लाङमा दुई करोड ९९ लाख ४१ हजार रुपैयाँको लागतमा भ्यूटावर (हिल स्टेशन) निर्माण गरेको छ । नुवाकोटको ककनी हिल स्टेशन तीन करोड ३२ लाख ३२ हजार रुपैयाँमा निर्माण गरिएको छ । सिन्धुपाल्चोकमा तीन करोड पाँच लाख २६ हजार रुपैयाँमा भ्यूटावर निर्माण भएको छ ।

पर्यटन विकास आयोजना, हेटौंडाअन्तर्गत निर्माण भएका यी भ्यूटावर २०७६ सालमा सम्झौता भई २०७७ सालमा निर्माण सकिएका थिए । यस्तै, काभ्रेको रोशी भूमिचुलीमा दुई करोड १९ लाख ८१ हजार रुपैयाँको लागतमा भ्यूटावर निर्माण गरिएको छ । रामेछापको गोगनपानी सुलीथुम्का खाँडादेवी-५ मा दुई करोड ६५ लाख ८६ हजार रुपैयाँमा र सिन्धुली जिल्लाको सिद्धबाबा चुचुरोमा दुई करोड सात लाख ५५ हजार रुपैयाँमा भ्यूटावर निर्माण भएको मन्त्रालयले जनाएको छ । यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७८ मा निर्माणसम्पन्न भएका थिए । नुवाकोटको चिम्टेश्वरमा दुई करोड ७४ लाख ३८ हजार रुपैयाँमा, धादिङको तोप्लाङमा दुई करोड १८ लाख ८९ हजार रुपैयाँमा र दोलखाको जिरीमा दुई करोड ६४ लाख ३५ हजार रुपैयाँको लागतमा भ्यूटावर निर्माणसम्पन्न भएका छन् । हिल स्टेशन भनिएका यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७९ मा निर्माणसम्पन्न भएका हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २९ गते सोमबार १२ फेब्रुअरी २०२४ । तृतीया, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४६, सूर्यास्त ५:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दैनिक आयमा कमी | तुला | : दुस्चिन्ताले पिरोल्ने |
| वृष | : मांगलिक कार्य सम्पादन | वृश्चिक | : यात्रामा भयले सताउने |
| मिथुन | : कार्यमा बाधा | धनु | : उपचार खर्च वृद्धि हुने |
| कर्कट | : आकस्मिक लाभ हुने | मकर | : मानसम्मान मिल्ने |
| सिंह | : अर्थहानि हुने | कुम्भ | : जोस एवम् जांगर बढ्ने |
| कन्या | : स्थानान्तरण हुनसक्ने | मीन | : बादविवाद बढ्ने |

# भ्रम र सत्यका बिच नेपाली पत्रकारिता



✍किशोर नेपाल

**देशमा पत्रकारिता पढाउने पेसामा लागेका गुरुवरहरू पारम्परिक पाठ्यक्रमकै चिन्तामा अलमलिएका छन् । के पढाउने ? "मिडियम इज दी मेसेज" कि "मेसेज थ्रु दी मिडियम" ? नेपाल सानो छ । तर, नेपालमा सामाजिक सञ्जाल र पत्रकारिता बीचको भेद छुट्याउन सकिने अवस्था छैन ।**

पत्रकारिताका सिद्धान्त र सूत्रहरूको व्याख्या गर्ने क्रममा स्ट्यान्फोर्ड विश्वविद्यालयका प्रोफेसर लायल एम नेल्सन हामीलाई बताउने गर्नुहुन्थ्यो : 'यतिबेला पत्रकारिताको सबैभन्दा सजिलो सिद्धान्त र सूत्रका रूपमा रहेका पाँच-डब्ल्यू र एक-एच (के ? किन ? कहिले ? कहाँ ? को ? र कसरी ?) को अस्तित्व संकटमा परेको छ । यो देखेर कवि रुडयार्ड किपलिङको समाधिस्थ आत्मा छटपटाइरहेको होला । अहिलेको पत्रकारितामा यी खोजपूर्ण प्रश्न अलमलिएका छन् । यो सरल परिभाषाको अस्तित्व संकटमा परेको छ ।'

किपलिङको जमाना आदर्शवादी थियो । सत्य-निष्ठालाई डग्न नदिई पत्रकारितामा लागेका मानिसलाई पत्रकारिताको व्यवसायमा लागेका साहुजीहरू नियमित मासिक पारिश्रमिक दिन्थे । पत्रकारहरू साहुजीको बही-खाता, सम्पत्ति र ऐश्वर्य हेर्दैनथे । इमान-जमानको जमाना थियो । समाचारको बजार सानो थियो । उत्पादनमा अहिलेको जस्तो खासै विविधता पनि थिएन । साहुजीहरूमा सम्मानको लोभ पक्कै थियो । तर, विज्ञापनबाट आर्जन हुने सम्पत्तिको प्रकोप थिएन ।

त्यसको निकैपछि मात्र पत्रकारिता र सञ्चारको क्षेत्रको व्यापक व्यवसायीकरण हुन थाल्यो । दोस्रो विश्वयुद्धको समाप्तिपछि सञ्चारको क्षेत्रमा तीव्र परिवर्तन आयो । पत्रकारिता व्यवसायमा नयाँ क्षितिजहरू खुले । सञ्चार आफैँमा ठूलो व्यवसायका रूपमा विकसित भयो ।

सन १९८० को समय थियो त्यो । क्यानाडियन सञ्चारविद् मार्सल मकलुहानले सूत्र वाक्य बोलेका थिए : मिडियम इज दी मेसेज । मकलुहानले सञ्चार जगत्मा हुन लागेको परिवर्तनको स्पष्ट संकेत गरका थिए । मिडियम इज दी मेसेज– यो वाक्य सजिलै स्थापित भएको थिएन । दुनियाँ आर्थिक परिवर्तनको बाटोमा तीव्र गतिले हिँड्यो । क्रमिक रूपमा उद्योग र व्यवसायका आवश्यकता बढे । ती आवश्यकताको परिपूर्तिका लागि सञ्चार र संवाद अपरिहार्य हुँदै गयो । पुँजीवादी समाजमा आफ्ना उत्पादनका पक्षमा अभिमत जुटाएर ग्राहकलाई आकर्षित गर्नु अस्वाभाविक कुरा थिएन । मकलुहानले यसैलाई संकेत गरेर बाटो देखाएका थिए : मिडियम इज दी मेसेज ।

भारतबाट प्रसारित हुने सरकारी रेडियो आकाशवाणीको 'पञ्चरंगी कार्यक्रम विविध भारती' र श्रीलंका रेडियोबाट प्रसारित हुने खास गरेर हिन्दी सिनेमासँग सम्बन्ध राख्ने विविध मनोरञ्जक कार्यक्रम सुनेर हुर्केको हाम्रो पुस्ताका लागि ती कार्यक्रम अद्भुत प्रेरणाका स्रोत थिए । अहिलेको जमानाका युवायुवती टिकटकमा र त्तिएजस्तै आफ्नो जमानामा हामी 'इतना तो मुझ से न प्यार जता, कि मैं इक बादल आवारा'जस्ता फिल्मी गीतमा रमाउँथ्यौं । अहिले मनोरञ्जनका माध्यमहरू बग्रेल्ती छन् ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्रको संस्थापन भएको पनि दुई दशक पुग्न लागिसकेको छ । कांग्रेस, कम्युनिस्ट, माओवादी, समाजवादी सबै दल र विचारका राजनीतिक नेताहरूले प्रत्येक क्षण र प्रत्येक दिन, साँझ बिहान नेपाली जनताको महान् संघर्षबाट स्थापित यो व्यवस्थाको अस्तित्व रक्षाको कसम खाने गरेका छन् । माओवादीको नेतृत्वमा बनेको संयुक्त सरकारले सामाजिक स्वच्छता जोगाउने नाउँमा टिकटकमाथि प्रतिबन्ध लगाएको छ । यसको विरोधमा कोही मैदानमा उत्रिएको छैन । लोकतान्त्रिक गणतन्त्रको सुरक्षाका लागि यो गोधुलिमा सरकार कृष्णलीलाको प्रदर्शन गर्न चाहन्छ भने त्यो पनि स्वागतयोग्य कदम हुनेछ । प्रविधिको छलाङ् रोकेर समाजको विकास हुन्छ भन्ने सोच्नु पनि एक प्रकारको विचार नै हो । तर, विचार सार्वकालिक हुँदैनन् । परिवर्तित समय अनुसार विचारमा ठूलो हलचल आउँछ । आजको संसार आदर्शबाट होइन, आवश्यकताबाट चलेको छ ।

अहिले नेपालको आर्थिक जगत्ले खुला र उदार बाटो अपनाएसँगै पत्रकारिताका जे-जस्ता स्थापित मान्यताको अवलम्बन हामीले गरेका थियौं, ती बदलिन थालेका छन् । आजको पत्रकारले जनताका जिज्ञासाका जवाफ खोज्न खासै कष्ट गर्नुपर्दैन । मिडियामा लगानी गर्नेको आवश्यकताको बोध गरेर र उनका माग के हुन् ? त्यसप्रति जिज्ञासा राखे पुग्छ । काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिका लागि सुरु भएको मेलम्ची खानेपानी आयोजनामा नेपाल सरकारले ७० अर्ब रुपैयाँ खर्च गरिसकेको छ । तर, मेलम्ची आयोजना सुचारु हुने कुनै टुंगो छैन । यस्तो अवस्थामा नेपालका सञ्चारकर्मीले कवि किपलिङको सम्झनाको खासै उत्प्रेरक मूल्य र महत्व रहेको छैन भन्नुनपर्ला ।

मेरो विचारमा, अहिलेको पत्रकारितामा पक्ष र विपक्षका नाममा जस्तो रडाको मच्चिएको छ, यो निकृष्ट भएर पनि स्वाभाविक हो । भर्खरै मात्र एकजना नामुद औद्योगिक घरानाका सदस्यमाथि सरकारी जग्गा हिनामिना गरेको मुद्दा लाग्यो । धेरैजसो मुद्दाहरू 'उहिल्यै लाग्नुपर्ने' र फैसला हुनुपर्ने प्रवृत्तिका छन् । ती मुद्दाहरू यत्रो समयपछि किन लाग्यो त ? अहिले मुद्दा लगाउने र त्यतिबेलाको अपराधका लागि मुद्दा खेप्ने दुवै थरी सूचनाको बेग्लै धरातलमा उभिएका छैनन् । यो कदापि बिर्सिनु हुँदैन कि नेपाली जनताले व्यवस्थामा आक्रामक परिवर्तन गरे : २०४६ मा पनि र २०६२ मा पनि । त्यो परिवर्तनले केही मानिसका अनुहारमा परिवर्तन ल्यायो तर प्रशासनिक संयन्त्रमा रत्तिभर परिवर्तन ल्याएन । राजाको पुरानो शासन होस् कि जनताले आन्दोलन गरेर पुनर्स्थापित गरेको संसदीय शासन होस् अथवा त्यसपछिको जनताकै गणतान्त्रिक शासन होस्, सबै कालखण्डका शासकले तिनैको निधारमा शक्तिको सिन्दुर लगाइदिएका छन्, जो निर्लज्जता पूर्वक संविधान र कानुनका मर्यादाहरूको उल्लंघन गर्न सक्छन् । त्यसैले भन्नुपर्छ, अहिले पत्रकारिताको ऐनामा विकृतिको खजाना परिलक्षित भयो भने यो अस्वाभाविक होइन । तर, त्यसो भएको छैन । पत्रकारिताको ऐना धुमिल हुँदै गएको छ । त्यसमा भ्रष्टाचारका आकृतिहरू देखिन छाडेका छन् ।

मानवीय संसारलाई ट्युब र टनेलबाट नि:सृत पत्रकारिताको स्वाद चखाउने तन्नेरीहरू धन्य छन् । हालसालै ट्युबमा हो कि टिकटकमा नेपाल सरकारका एकजना सचिव सरकारले वैदेशिक रोजगारीमा जानेहरूको सेवा सुविधा बढाउन लागेको बताउँदै थिए । सुन्दै अचम्म लाग्दो कुरा । उनले प्रतिनिधित्व गर्ने नेपाल सरकारले वैदेशिक रोजगारीमा गएर कतारको कुनै गोठमा वा होटेलमा काम गरी रहेका नेपालीको तलब बढाउन कुन मालिकसँग कुरा गर्ने हो ? विश्वमा एकातिर सम्पत्तिको थुप्रो लाग्दै छ भने अर्कोतिर गरिबीको बढ्दो भेलले संसार निस्सासिँदै छ । यस्तोमा कसले कसको रक्षा गर्न सक्दछ ?

सञ्चारका हिसाबले हेर्दा हाम्रो देश सामाजिक सञ्जालमा छताछुल्ल भएको भान पर्दछ । देशमा बेरोजगारी बढेपछि काम नपाएर छटपटाएका तन्नेरी जमात वैदेशिक रोजगारीको खोजीमा लाग्नु अनौठो होइन । २०४६ सालको आन्दोलनले निर्दलीय पञ्चायत व्यवस्थालाई बढारेपछि जनताले देशमा नयाँ बिहानीको प्रारम्भ हुने कुरा सोचेका थिए । तर, त्यो सोचाइ एक दशक पनि टिकेन । त्यो समयका सञ्चालकहरू नै अहिले पनि राज्य शक्तिको सञ्चालकका रूपमा रहेका छन् । प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको राष्ट्रिय जन-आन्दोलन २०४६ मा सक्रिय भाग लिने तत्कालीन युवाहरूको आशाका विपरीत देशको कुनै पनि क्षेत्रमा निर्माणको जागरुकता देखिएन । शासन पुरानै ढर्रामा चल्यो । आधुनिक सञ्चारको प्रभाव पर्नै पाएन देशमा । पञ्चायत ढलेर बहुदलीय व्यवस्थाको स्थापना हुँदा पनि राजा खुसी थिए किनभने उनका भाइ-भारदार, सकल परिवार, आसेपासे व्यापारी र चाकरीदार हरूको वर्चस्व यथावत रहेको थियो । नेताहरूमा सपनाको अभाव थिएन । अभाव थियो त देश बनाउने इच्छा शक्तिको । नेताहरूका ती सपना विश्व बैंक र आइएमएफले पूरा गर्ने कुरा थिएन । अन्तर्राष्ट्रिय संस्थाहरू सहयोग र समन्वयका उद्देश्यले मात्र नेपालमा आएका थिएनन् । उनका आफ्नै राष्ट्रिय अभिप्राय एकातिर थिए, अर्कोतिर आग्रहहरू पनि प्रशस्त थिए ।

विश्व मानचित्रबाट अलग भू-भाग होइन नेपाल । तर, यस्तो आभास हुन थालेको छ - नेपालीले राजनीति वा अर्थशास्त्रका विषयमा विश्वव्यापी मान्यता र नियमको पालन गर्नुपर्दैन । राजा वीरेन्द्रको प्रत्यक्ष शासनका बेलामा नेपाल 'रमिते देश' को हैसियतमा पुगिसकेको थियो । पेरिसमा आयोजित अति गरिब देशको सम्मेलनमा हाम्रा राजालाई विश्वका नेताहरूले 'दरिद्र नारायण' बनाइदिएका थिए । दरिद्र देशहरूका नेताका रूपमा नेपालको चयनलाई त्यतिखेरका सरकारी र कथित गैरसरकारी सञ्चारमाध्यमहरूले गौरवको विषय बनाएका थिए । त्यो अवसर गौरवको उच्च बिन्दु थियो कि हीनताको पराकाष्ठा ? यो प्रश्नको जवाफ मैले अहिलेसम्म पाएको छैन । त्यतिबेला नै राजा वीरेन्द्रले १५ वर्षमा देशलाई एसियाली मापदण्डमा पुऱ्याउने 'वाचा' गर्दा नेपाली कांग्रेसका क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइरालाले त्यो काम आफूले दशै वर्षमा पूरा गर्ने चुनौती दिएका थिए राजालाई । तर, के भयो ? २०४७ सालमा सहज हिसाबले बहुमत पाएका क्रान्तिकारी नेता कोइरालाले आफ्नै सत्ता समेत टिकाउन सकेनन् ।

हाम्रा हरेक नीति नियमहरू विलक्षणका छन् । चाहे राजनीति होस्, अथवा व्यापार, उद्योग होस् अथवा खेती, ती एउटै जालोमा उनिएका छन् । यहाँको न्याय पद्धति, साहित्य, कलाकारिता र पत्रकारिताको पनि आफ्नै अनौठो नीति र नियम छ । यो नीति र नियम अनुसार, कुनै व्यापारीले कर नतिरेको पोल खोल्न जुटेको पत्रकार आफ्ना मालिकका लागि कर छुट दिन सक्ने हाकिमसँग कसरी पहिचान बनाउने र मालिकले तिर्नुपर्ने कर विमोचन गर्ने भन्ने उपायको खोजीमा रहेको हुन्छ । प्रेस लेखेको गाडी चढ्नेबित्तिकै सडक कर उठाउने कर्मचारीले सडकमा तेर्स्याएको तगारो खोली दिनैपर्ने परि पाटी छ । राज्यले राजनीतिका नाममा राज्य संयन्त्रमा बसेर गुण्डागर्दी गर्ने व्यक्तिहरूलाई जुन जुन सुविधा उपलब्ध गराएको हुन्छ, पत्रकारलाई पनि ती सबै सुविधा चाहिएको हुन्छ ।

अहिले हाम्रो समाजको पत्रकारितामा यो प्रवृत्ति सबभन्दा बढी हाबी भएको छ । पत्रकारिताका लागि यो घातक प्रवृत्ति हो, तर यो पत्रकारितासँग संलग्न स्थायी प्रवृत्ति पक्कै होइन । यसलाई साना र गरिब मुलुकहरूमा देखिने स्वाभाविक प्रवृत्ति भनेर पन्छाउने गरिएको छ । भारतजस्तो स्वतन्त्र पत्रकारिताको लामो इतिहास भएको देशका पत्रकारहरू समेत कर्पोरेट प्रलोभनमा फसेका छन् । केही वर्षअघि इन्डिया टु डेका सम्पादक प्रभु चावला र सीएनएन-आइबीएनकी वर्षा दत्तजस्ता पत्रकार समेत दलाली रकमको मोहमा परेको पोल खुलेपछि पेसाबाट टाढिन बाध्य भएका थिए । अहिले पनि भारतमा त्यो अवस्था विद्यमान छ । हामीकहाँ पनि त्यो अवस्था नरहेको छैन ।

संसारमा फेसबुक, टिकटक, ट्युब, एक्स (ट्विटर) र अन्य अनेक देशी-विदेशी सामाजिक सञ्जालमा सकेसम्म कराएर जनताको ध्यानाकर्षित गर्ने 'पत्रकारिता' लोकप्रिय भइरहेको छ । भारतमा यो अवस्था एकदमै भिन्न छ । त्यहाँका एकथरी पत्रकारहरूले कराउँदै लखेट्दै गर्ने शैलीमा पत्रकारिता गर्न थालेका छन् । भारतमा अपहरणको मुद्दा लागेका पत्रकारलाई र पत्रकार कुट्ने राजनीतिक कार्यकर्तालाई त्यहाँका स्थानीय, प्रान्तीय र केन्द्रीय सरकारले एकैसाथ सम्मान र संरक्षण दिने गरेको छ ।

अहिलेको नेपाली पत्रकारिता सानातिना प्रलोभनभन्दा धेरै नै बढी विकृत र घातक प्रवृत्तिको दलदलमा फसिसकेको छ । यसलाई भ्रष्टाचारमा आकण्ठ डुबेका कर्मचारी, भू-माफिया, व्यावसायिक अपचलनमा व्यस्त व्यक्तिहरू र कमिसन एजेन्टहरूले आफ्नो नियन्त्रणमा लिइसकेका छन् । नेपाली जनता झिल्के अनुहार हेरेर आकर्षित हुन्छन् । झिल्के अनुहारभित्र लुकेका दुरासयहरूलाई हेर्ने क्षमताको अभाव छ हामीसँग । कुनै पनि देशमा टिकटक बन्नु, युट्युब सक्रिय हुनु, फेसबुकमा फेस चम्किनु वा 'फेसलेस' हुनु प्राविधिक विकाससँग जोडिएका सामान्य विषय हुन् । तर, यी माध्यमहरूलाई असामान्य बनाइएको छ । देशमा पत्रकारिता पढाउने पेसामा लागेका गुरुवरहरू पारम्परिक पाठ्यक्रमकै चिन्तामा अलमलिएका छन् । के पढाउने ? 'मिडियम इज दी मेसेज' कि 'मेसेज थ्रु दी मिडियम' ?

नेपाल सानो छ । तर, नेपालमा सामाजिक सञ्जाल र पत्रकारिता बीचको भेद छुट्ट्याउन सकिने अवस्था छैन । स्थापित भनिने सञ्चारमाध्यमहरू समेत आफूलाई सामाजिक सञ्जालको तहमा उतार्न तत्पर देखिन्छन् । नाफा आर्जन नै एक मात्र उद्देश्य रहेको मिडिया संसारमा सानोतिनो उपचारले परिवर्तन आउनेवाला छैन । यो दलदलबाट नेपाली पत्रकारितालाई तत्कालै मुक्त गर्नु सम्भव देखिँदैन । धनीलाई खतरनाक रोग लाग्यो भने सरकार नै उपचारका लागि तम्सिन्छ । तर, तन्नम गरिबको मर्नुबाहेक अर्को सहज विकल्प देखिँदैन ।

पत्रकारिता अहिले सुदखोर अपराधी, भ्रष्टाचारी र जनतालाई लठ्याएर मोजमज्जा गर्ने हरूको जञ्जाल र सञ्जालबाट घेरिन थालेको छ । जान्ने बुझ्ने, पढे-लेखेका मानिसहरू सामाजिक सञ्जालमा देखिएको 'विद्रूप' अवस्थालाई वैदेशिक रोजगारीसँग जोडेर उम्किन चाहन्छन् । तर, वैदेशिक रोजगारीमा जाने नेपाली मात्र होइनन् । वैदेशिक रोजगारीमा गएर कमाउने र देशलाई संकटपर्दा मनग्य सघाउने नौजवानहरूको कमी छैन । ती कमाउँछन् र देशलाई आवश्यक परेका बेला देशको राष्ट्रिय बजेट बनाउन समेत सहयोग गर्दछन् ।

नेपालमा वैदेशिक रोजगारमा गएकाहरू आफ्ना दु:खेसोहरू सामाजिक सञ्जालमा पोख्छन् । बाबु-बाजेले बेलायतका पक्षमा लडेर कमाएको धन-सम्पत्तिको सपना देखेर रमाउँछन् । लडाकु हुनु त आफ्नो पेसा र प्रवृत्ति हो भन्ने झुटो अहंकार बोकेर पैसा कमाउनैका लागि जहाँ लड्ने मर्सिनरीको खोजी हुन्छ त्यहीँ पुग्छन् । आफ्ना मनमा गुम्सिएका पीर र व्यथाहरू सामाजिक सञ्जालमार्फत अभिव्यक्त गर्छन् । उनैलाई आरोप लगाइन्छ : 'यिनले सामाजिक सञ्जालको प्रयोग गरेर समाज भाँडेका छन् ।'

राजधानी सहर काठमाडौंमा सामाजिक सञ्जालमार्फत चर्का स्वरले अरुलाई गाली गर्नेहरूको संख्या ठूलै छ । देश-देशावर डुलेका व्यक्तिहरूको अतिशयोक्ति दोहोऱ्याएर आफ्ना लागि मोक्षको बाटो खोज्ने चलन अचाक्ली बढेको छ । पारिवारिक र सामाजिक सम्बन्धहरू दूषित भएका छन् । नेपालका लागि वैदेशिक रोजगार नयाँ कुरा होइन । खाडीका देशहरूको भाग्य पेट्रोलियमले लेख्न सुरु गर्दा नेपालमा राजाको शासन थियो । त्यसबेलामा समेत वैदेशिक रोजगारीमा खाडी मुलुक जान्थे मानिसहरू । उनीहरूलाई ५५ डिग्रीभन्दा बढीको तापक्रममा काम गर्ने सक्ने तुल्याउन तालिम दिइन्थ्यो त्यतिखेर । त्यतिबेला, खाडीका देशहरू अहिलेको जस्तो विकसित थिएनन् । वैदेशिक रोजगारीमा अहिलेको जस्तो हाहाकार पनि थिएन ।

दक्षिण एसियाका देशहरूमा राजनीतिज्ञ र पत्रकारबीचको घनिष्ठ सम्बन्ध नौलो होइन । यस्तो सम्बन्धले समाचारको एकरसता हटाएर त्यसलाई जीवन्त बनाउन ठूलो भूमिका खेल्ने गर्दछ । नेपालमा पनि राजनीतिज्ञ र पत्रकार बीचको सम्बन्ध सधैँ प्रगाढ रहने गरेको छ । नेपाल गणतान्त्रिक राष्ट्रमा रूपान्तरित भइसकेपछिको समयमा यो सम्बन्ध बढी नै गाढा भएको छ । पत्रकारिता गर्नेहरूका लागि स्थानीय तहका वडा कार्यालयदेखि संघीय तहका मन्त्रालयसम्म वृत्ति विकासको बाटो खुलेको छ । जताततै पत्रकारहरू जन-प्रतिनिधिको सल्लाहकार बनेर जागिरमा लागेका छन् । पत्रकारको रूप-रंग फेरिन थालेको छ । स्वभावैले रोमाञ्चकता रुचाउने देशभरका टाठा-बाठा पत्रकारहरू सिद्धान्त र राजनीतिक मर्यादाका कुरा गर्ने राजनीतिज्ञहरूको आदर्शबाट होइन, राजनीतिक दलका लागि आर्थिक स्रोत जुटाउन सक्ने बाहुबलीहरूको भ्रातृ प्रेमको अँगालोको गर्मीमा बढी रमाउन थालेका छन् । कुन बाहुबली नेताको पछि लाग्दा कति फाइदा लिन सकिन्छ भन्ने चिन्ताले पत्रकारिताको करङ छेड्न थालेको छ ।

राजनीतिक प्रभाव र प्रलोभन पत्रकारिताको आकर्षक पक्ष बनेको छ । तस्कर, पुलिस र भन्सारका समाचारहरू केन्द्रीय महत्त्वमा नरहे पनि समाचार संकलनका प्रमुख क्षेत्र बनेका छन् । यो क्रममा पिटिने र मारिने पत्रकार हरूको संख्या पनि ह्वात्तै बढेको छ । पत्रकारको परिचयपत्र बोकेपछि पत्रकारिता बाहेकका अन्य जुनसुकै कारणले पिटिएका वा मारिएका भए पनि उनीहरूको पहिचान पत्रकारिताका पीडितका रूपमा स्थापित हुने गरेको छ । यो राम्रो वा नराम्रो प्रचलन के हो ? विवेकशील व्यक्तिहरूले आफैँ छुट्ट्याउने कुरा हो । पत्रकारिता पेसाका कारण मारिएका पत्रकार निश्चय पनि शहीद हुन् । तर, पैसाका लागि स्टिङ अपरेसन गर्नेलाई पनि शहीद घोषणा गर्नु विडम्बना हो ।

नेपालका गणतान्त्रिक पत्रकारहरू संस्थागत हिसाबले नै राजनीतिज्ञहरूका 'डार्लिंङ' बन्न थालेका छन् । पत्रकारहरूको 'एडजस्टमेन्ट'का लागि राजनीतिक दलका प्रचार विभागअन्तर्गत खोलिएका साना समूहहरू भीमकाय भ्रातृ संगठनका रूपमा विकसित हुन थालेका छन् । पहिले आफू कांग्रेस, माओवादी, एमाले, मधेसी इत्यादिको सदस्य भएको गर्व ओकली सकेपछि मात्रै पत्रकार हुँ भन्ने व्यवसायीको संख्या बढ्दै गएको छ । पार्टी सम्बद्ध संगठनहरूको विवाद र सक्रियताका कारण निरन्तर घर-झगडामा अल्झिएको पत्रकारहरूको मूल संस्था नेपाल पत्रकार महासंघले पत्रकारहरूको आचार विधिलाई तीलगंगामा बहाइदिएको छ । जुन पार्टीको प्यानलले चुनाव जितेको छ, महासंघ त्यही प्यानलको पेवा हुने भएपछि आचार विधिको आवश्यकता नै पर्दैन । अब यो संस्था पत्रकारहरूको महासंघ नभएर राजनीतिक दलहरूको प्रत्यक्ष निर्देशनमा चल्ने 'नौटंकीको अखडा'मा रूपान्तरित हुने क्रममा रहेको छ ।

कतै केही चुइँक्क भयो कि पत्रकारहरू आ-आफ्ना संगठनमार्फत चरणबद्ध आन्दोलनमा उत्रिन्छन् । देशको एउटै छाता संगठन नेपाल पत्रकार महासंघलाई युनियन, चौतारी र सेन्टरहरूको छाता ओढाइएको छ । आन्दोलनका संयोजकहरू पत्रकारहरू मारिने र पिटिने अवस्थाको अन्त्यका लागि होइन, मारिएपछि दिइने क्षतिपूर्ति र हर्जाना रकमको असुलीमा बढी चासो राख्दछन् । शान्तिपूर्ण, सुस्थिर, सुसंस्कृत र विधिको शासनको खोजीमा रहेका नेपाली जनता पत्रकारहरूबाट आजित हुन थालेको अवस्था हो अहिलेको । पत्रकारितालाई धन्दा बनाएर आफ्नै भौतिक सम्पन्नताको खोजीमा लागेका पत्रकारहरू राजनीतिका गिनी पिग बन्दै गएका छन् । पत्रकारिता परिचयको संकटमा पर्दै गएको छ । यो राजनीतिक दल र तिनका नेताहरू, सयवटा मुसा खाएर तीर्थ हिँडेका बिरालाजस्ता कर्मचारीहरू, व्यक्तिगत प्रशंसाको खोजीमा अलमलिएका उच्च पदाधिकारीहरू र आफू बाहेक अरु सबै बेठीक ठहर गर्दै आएका व्यापारीहरूको कुण्ठा ओकल्ने कोपरा हो कि राज्यको मजबुत चौथो अंग हो ? व्यवसायका जिम्मेवार व्यक्तिहरूले सोच्नुपर्ने बेला आएको छ ।

सञ्चार विज्ञान र प्रविधिमा भएको व्यापक विकासले यति बेला संसारकै पत्रकारिता भ्रम र सत्यको दोबाटोमा उभिएको छ । कुन भ्रम हो र कुन सत्य हो ? ठम्याउन सकिने अवस्था छैन । यो परिस्थितिमा हाम्रो जस्तो भ्रष्ट राजनीति र निर्धन जनता भएको देश अलमलिनु अस्वाभाविक होइन । यद्यपि, सरकार आफैँले पनि अहिलेको अवस्थालाई पर्गेल्न सकेको छैन । सरकारसँग त्यसरी पर्गेल्ने न विवेक छ न बर्कत । सरकारका नेता, जन-प्रतिनिधि र विभिन्न पेसामा लागेका व्यक्तिहरूको रंगीन तस्बिर छाप्ने आ-आफ्नै माध्यम छन् । देखेर जनता रनभुल्लमा परेका छन् ।

यति त भन्नैपर्दछ : सामाजिक सञ्जाल समस्या होइन । हरेक गृहस्थको घरमा कोपरा पनि चाहिन्छ र थाल पनि चाहिन्छ । कोपरा र थाल एउटै कुरा होइन । अहिले सामाजिक सञ्जालका प्रयोगकर्ताले कोपरा र थालको विभेद गर्न छाडेका छन् । यसबाहेक एउटा अर्को सामाजिक मनस्थिति बन्दै गएको देखिन्छ- जो जति चिच्याउन सक्यो, जसले जति चर्को स्वरमा जो कसैलाई गाली गर्न सक्यो त्यसले समर जित्छ । यो उल्टो कुरा पनि हुन सक्दछ । छिमेकी देश भारतको अयोध्यामा रामको मन्दिर निर्माण हुनुअघि र पछि सामाजिक सञ्जाल अत्यधिक सक्रिय भएका छन् । हिन्दू भनिने भारतीय जनता पार्टी र धर्मनिरपेक्ष भनिने इन्डियन नेसनल कांग्रेस अहिले सामाजिक सञ्जालका खुराक बनेका छन् । हामीकहाँ भने सामाजिक सञ्जाल व्यक्ति लक्षित छ । यसैको मोहमा प्रधानमन्त्री र मन्त्रीहरू, सांसदहरू र राजनीतिज्ञहरू सबै लट्ठिएका छन् ।

तर, पनि सबै बिग्रिइसकेको छैन । केही बाँकी छ र नै हामी यहाँ छलफल गर्दैछौं ।

*(साभार: रातोपाटी)*

# सिनियर क्रिकेटमा देवको दमदार पुनरागमन



काठमाडौं/२०२२ मार्च २५ मा युवा ब्याटर देव खनालले नेपाली क्रिकेट टोलीमा त्रिवि क्रिकेट मैदानमा डेब्यू गरेका थिए । दुर्भाग्य पपुवा न्युगिनीविरुद्ध डेब्यूमै उनी शून्यमा आउट भएका थिए । तर अर्को दिन देवले पपुवा न्युगिनीविरुद्ध ७२ रनको इनिङ खेल्दै आफ्नो क्षमता प्रमाणित गरे ।

त्यो समय देवले नेपालका एक सर्वाधिक सफल ब्याटर ज्ञानेन्द्र मल्लको स्थान लिएका थिए । देवले खेल्ने कभर ड्राइभ सटलाई वर्तमान समयका दुई सुपरस्टार बाबर आजम र विराट कोहलीसँग पनि तुलना गर्ने गरिन्छ । त्यसपछि उनी नेपालको पहिलो रोजाइमा पर्न थाले । २०२२ जुनमा घरेलु टोली अमेरिकाविरुद्ध ५४ रनको अर्धशतकीय इनिङ खेलेका थिए ।

तर २०२२ जुलाईमा स्कटल्यान्ड भ्रमण नै देवको अन्तिम बन्यो । त्यसपछि सिनियर टोलीमा फर्किने अवसर पाएनन् । जुलाईमा एसीसी इमर्जिङ टिम्स एसिया कपमा उनी टोलीमा फर्किएका थिए । युएई ए सँग २४ र भारतसँग १५ रनमा आउट भएका थिए ।

पछिल्लो एक वर्षमा नेपाललाई यू-१९ विश्वकपमा पुर्याउन र विश्वकपमा सुपर सिक्समा पुर्याउन देवले सानदार ब्याटिङ गरेका थिए । उनी यू-१९ नेपालबाट तीन शतक प्रहार गर्ने एक्लो खेलाडी हुन् । दक्षिण अफ्रिकामा जारी यू-१९ विश्वकपमा दुई साताअघि अफगानिस्तानसँग ५८ रनको कप्तानी इनिङ खेल्दै सुपर सिक्स सपना नेपालको साकार पारेका थिए ।

शनिबार आरिफ शेखलाई विश्राम दिँदै नेपालले क्यानडाविरुद्ध दोस्रो ओडीआईमा देवलाई मौका दियो । त्यो मौका चौका हान्दै दमदार पुनरागमन गरे । सातौं ओभरको तेस्रो बलमा विस्फोटक ब्याटिङ गरेका अनिल शाह ५० रनमा एलबीडब्लू आउट भएपछि देव चौथो नम्बरमा ब्याटिङ गर्न मैदान छिरेका थिए ।

नेपालका कप्तान रोहित पौडेल सुरुवात देखिनै संघर्ष गरेका थिए । तर देवले अर्को एन्डबाट रन जोड्न सुरु गरे । १६ औं ओभरको दोस्रो बलमा हर्ष ठाकेरलाई चौका हान्दै नेपालको बाउन्ड्री खडेरीमा ब्रेक लगाए ।

१८ औं ओभरको दोस्रो बलमा लङअनमा स्टेपआउट गर्दै सुन्दर छक्का हाने । २१ औं ओभरको पहिलो बलमा शाहिद अहमदजाईलाई लङअनमा छक्का हाने । अनिल आउट भएपछि त्यो छक्काले त्रिवि क्रिकेट मैदानमा दर्शकको उत्साह पुन: फर्किएको थियो ।

एक बलपछि जीवनदान पाएका थिए । ठूलो सट खेल्ने धुनमा टप एज लागेर गएको हाइ बल क्यानडाका फिल्डर ईश्वरजोत सोहीले ३४ रनमा छोड्न पुगेका थिए ।

३४ औं ओभरको पाँचौं बलमा भने देव हर्श ठाकेरबाट कट एण्ड बोल्ड आउट हुन पुगे । देवले ८१ बलमा ७ चौका र २ छक्कासहित ७६ रनको एक उत्कृष्ट इनिङ खेले ।

तेस्रो विकेटका लागि कप्तान रोहित पौडेलसँग कीर्तिमानी १५० रनको साझेदारी गरेका थिए । त्यसैको सहयोगमा नेपालले २८६ रनको लक्ष्य ४५.१ ओभरमै ६ विकेट गुमाउँदै पूरा गरेको थियो ।

देवले खेलमा देखाएको धैर्यता, जिम्मेवारी र सर्टहरु तारिफ योग्य थिए । 'अनिल दाइले विष्फोटक सुरुवात दिइ सक्नुभएको थियो । मैले हतार गरेर विकेट फाल्दा टिममा दबाब आउनेमा म स्पष्ट थिएँ । रोहित दाइले सम्झाएको हुँदा सजिलो भयो', देवले भने ।

'मैले आफूलाई फेरि ३० रनमा आउट भएँ भनेर भित्र भित्र त्यही भनेको थिए । भाग्यले त्यो क्याच छुट्न पुग्यो । त्यसपछि रोहित दाइले सम्झाउनु भयो । बाहिरबाट पनि म्यासेज आयो', जीवनदान पाउँदाको क्षण सम्झदै देवले भने ।

पछिल्लो एक वर्षमा देवले यू-१९ मा कप्तानी गरेसँगै झनै परिपक्व बनाएका छन् । त्यो देवले पनि स्वीकार गर्दछन् ।

'पक्कै पनि हो । त्यो भूमिका भनेको एकदमै महत्वपूर्ण हो । एउटा व्यक्तिको रुपमा पनि विकास भएको छु जस्तो लाग्छ मलाई । खेल त फरक पार्ट भयो । कप्तानीले धेरै कुरा सिकाएको छ । को ब्याटर कसरी खेल्छ । कति बेला के गर्न सकिन्छ ती कुराहरु विस्तारै आउँदैछ', उनले भने ।

एक समय रोहित र देव दुबैले शतक हान्ने संकेत देखाएका थिए । तर दुबैले खेलमा शतक पूरा गर्न सकेनन् । देव ७६ र रोहित ८७ रनमा आउट भएका थिए ।

'७० मा पुगेपछि शतकतिर अलिकित ध्यान थियो । यो अवसरलाई सदुपयोग गरेर जसरी हुन्छ आफ्नो पहिलो शतक सम्म लगेर जाउँ भन्ने थियो । तर दुर्भाग्य भएन । तर राम्रो सोच र लयमा छु । आउने खेलहरुमा म त्यो गर्छु जस्तो लाग्छ मलाई', देवले शतकबारे भने ।

पछिल्लो समय नेपाली क्रिकेटमा देवलाई तेस्रो नम्बरको ब्याटरको रुपमा हेरिएको छ । तर जहाँ खेलेपनि देशको लागि सोच्ने देव बताउँछन् । 'जहाँ मौका पाएपनि त्यो नम्बर थ्री होस् वा फोर । त्यो भूमिकामा आफूलाई जसरी पनि ढाल्ने हो । जहाँ खेलेपनि देशको कसरी राम्रो गरिन्छ त्यो सोच्ने हो', देवले भने । *(स्रोत: अनलाइनखबर)*

# चार नम्बर वडाले जित्यो उपाध्यक्ष कप भलिबल



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/प्रथम उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको उपाधि मनहरी गाउँपालिका ४ नम्बर वडाले हात पारेको छ । प्रतियोगितामा ३ नम्बर वडाको टिमले उपविजेतामा चित्त बुझायो ।

मनहरी गाउँपालिका-४ गोलघरस्थित पशुपतिनाथ माविको खेलमैदानमा माघ २३ गतेदेखि भएको प्रथम उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको शुक्रबार भएको फाइनल खेलको पाँचौ सेटमा १५-११ अंकमा ४ नम्बर वडाले जीत निकालेको हो । त्यसअघिका भएका ४ सेट खेलमध्ये पहिलो सेट ४ नम्बर वडाले २५-२३ अंकमा सकसका साथ जितेको थियो । दोस्रो र तेस्रो सेटमा २५-१९ र २५-१७ मा लगातार वडा नम्बर ३ ले जीत हासिल गरेपछि अत्तालिएको ४ नम्बर वडाले पुन: चौथो सेटमा ३ नम्बर वडालाई ब्रेक लगाएको थियो ।

दुबै टिमले २, २ सेट जीत हासिल गरेपछिको अन्तिम १५ अंकको सेटमा ४ नम्बर वडाले ३ नम्बर वडालाई १५-११ मा पराजित गरिदिएको हो । यसअघि बिहीबार भएको सेमिफाइनल खेलमा वडा नम्बर ३ ले वडा नम्बर ७ लाई र वडा नम्बर ४ ले वडा नम्बर ५ लाई पराजित फाइनल यात्रा तय गरेको थियो । बिजेता र उपबिजेता टिमलाई जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरलगायत प्रमुख अतिथि, बिशिष्ट अतिथि र अतिथिहरुले शिल्ड, प्रमाणपत्र र पुरस्कार रकम बितरण गरेका थिए ।

पहिलो हुने ४ नम्बर वडाको टिमले ५० हजार नगदसहित शिल्ड र प्रमाणपत्र, द्वितीय हुने ३ नम्बर वडाले ३० हजार रुपैयाँ नगदसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा बेस्ट सटर ४ नम्बर वडाका प्रज्वल अधिकारी, बेस्ट डिफेन्डर वडा नम्बर ३ का इमानसिं थिङ, बेस्ट ब्लकर वडा नम्बर ३ का अजित थिङ, बेस्ट स्पाइकर वडा नम्बर ३ कै आशिष मुक्तान, उदयीमान खेलाडी वडा नम्बर ४ का रञ्जन बिडारी घोषित भए । उनीहरु प्रत्येकले ट्रफी, प्रमाणपत्र तथा नगद ३ हजार रुपैयाँ प्राप्त गरेका थिए ।

बेस्ट कोच ४ नम्बर वडाका रामेश्वर कार्की घोषित भए । बेस्ट प्लेयरको रुपमा प्रमाणपत्र, ट्रफी र नगद ५ हजार रुपैयाँसहित वडा नम्बर ४ का जोसन गौतमले प्राप्त गरे । पुरस्कार बितरण तथा प्रतियोगिता समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि घलानले खेल क्षेत्र मार्फत युवाको व्यक्तित्व र नेतृत्व विकास गर्ने र अनुशासन सिकाउने कुरामा स्थानीय सरकारले गरिरहेको योगदानको चर्चा गरे ।

कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष पुलामी, २ नं वडाध्यक्ष राजकुमार पाखिन, नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि शंकर न्यौपाने र राष्ट्रिय स्वतन्त्र पार्टीका २ नम्बर क्षेत्रका सभापति सन्जीव पाठकलगायतले शुभकामना व्यक्त गरेका थिए ।

# बागलुङ नगरपालिकाले बेवारिसे कुकुर राख्न डग होस्टल बनाउँदै



पोखरा/बागलुङ नगर पालिकाले पनि बेवारिसे कुकुर व्यवस्थापन गर्न अनेक उपाय लगायो । घरमा पालिएका कुकुरलाई अनिवार्य दर्ताको नियम ल्याएर नियमन गर्न खोज्यो, बेवारिसे कुकुरको बन्ध्याकरण पनि गर्‍यो ।

तर, सडकमा बेवारिसे कुकुरको संख्या घटेन । बर्सेनि बजार क्षेत्रमा कुकुरको संख्या बढ्दै जान थाल्यो । 'पछिल्लो २ वर्षको अवधिमा मात्रै १५ सय जनाभन्दा बढी मान्छेलाई कुकुरले टोकिसकेको हामीसँग रिपोर्ट छ', बागलुङ नगरका मेयर वसन्तकुमार श्रेष्ठ भन्छन्, 'कुकुरले लखेट्दा सवारी दुर्घटना भएर मान्छेको ज्यानै पनि गएको छ ।'

जति उपाय अपनाउँदा पनि सडकमा कुकुरको संख्या नघट्दा हैरानी खेप्नुपरेपछि नगरपालिकाले अब नयाँ योजना अघि सारेको छ, 'कुकुर (आवास गृह) होस्टल बनाउने र बेवारिसे कुकुरलाई एकीकृत गरेर व्यवस्थापन गर्ने ।' चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै उल्लेख गरेर बेवारिसे कुकुर व्यवस्थापन गर्न कुकुर होस्टल अवधारणा ल्याइएको मेयर श्रेष्ठले बताए ।

'कुकुरले दुख दियो भनेर मार्ने कुरा पनि भएन । कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर खोज्दै जाँदा होस्टल पनि हुने रहेछ भन्ने थाहा भयो', उनले भने, 'कुकुर प्रेमीहरुले निजी तवरबाट होस्टल खोलेको भए पनि पालिकास्तरबाट यो अभ्यास नभएको रहेछ ।'

पालिकाले चालु आर्थिक वर्षभित्रै सुविधासम्पन्न कुकुर होस्टल बनाउने गरी तयारी भइसकेको मेयर श्रेष्ठले जानकारी दिए । बागलुङ नगरपालिका वडा नं. १३, कालाखोलामा कुकुर होस्टल बनाउन एक करोड रुपैयाँ लाग्ने उनको भनाइ छ । कुकुर होस्टलका लागि चालु आर्थिक वर्षमा नगरपालिकाले ३५ लाख र गण्डकी प्रदेशले ६५ लाख रुपैयाँ विनियोजन गरेका छन् ।

मेयर श्रेष्ठका अनुसार अहिले पनि बागलुङ मुख्य बजार क्षेत्रमा करिब ५ सय वटा बेवारिसे कुकुर छन् । 'ती सबै बेवारिसे कुकुरलाई भ्यासेक्टोमी गरिसकेका छौं । तर, संख्या बढ्न छोडेको देखिएन', उनले भने, 'घरपालुवाबाट जन्मेका कुकुरका बच्चा पनि सडकमै छोडिरहेका छन् । रोगी, बिरामी कुकुर पनि त्यसै छोड्ने गरेको पाइयो ।'

त्यसरी रोगी तथा बिरामी कुकुर खुला रुपमा सडकमा छाड्दा बजार अव्यवस्थित देखिने र रोग पनि फैलिने जोखिम बढेकाले डग होस्टल (कुकर आवास गृह) उपयुक्त हुने विश्वास नगरपालिकाको छ । 'ट्यागिक, भ्यासेक्टोमी लगायत त अल्पकालीन उपाय थिए । दीर्घकालीन रुपमा योजना बनाउँदाचाहिँ होस्टल नै ठीक हुने देखियो', मेयर श्रेष्ठले भने ।

होस्टलमा राखिएका कुकुरका लागि पहिलो चरणमा व्यवस्थित खोर बनाइने र त्यहाँ ल्याइएका कुकुर नियमित खानपिन, स्याहार, औषधिउपचार गरिने मेयर श्रेष्ठले बताए । 'कुकुरलाई माया गर्नेहरु पनि हुनुहुन्छ । उहाँहरुले दान दिने, स्याहार गर्नेमा सहयोग पुऱ्याउनुहुनेछ', उनले भने, 'यहाँ ल्याएका कुकुरलाई बेलाबेलामा ट्रिटमेन्ट गर्ने, खेलाउने, डुलाउने योजना छ ।'

व्यस्तताका कारण आफूखुसी होस्टलमा कुकुर राख्न भने निश्चित रकम तिनुपर्नेछ । त्यहाँ भएका कुकुर कसैले लैजान चाहेमा पनि किन्नुपर्ने नगरपालिकाले जनाएको छ । नगरपालिकाले कुकुर व्यवस्थापन समिति बनाएर कर्मचारी नै खटाउने मेयर श्रेष्ठले जानकारी दिए ।

बेवारिसे तथा घरपालुवा कुकुर व्यवस्थापन र नियमन गर्न नगरपालिकाले चालु आर्थिक वर्षदेखि कुकुर पाल्न अनिवार्य दर्ताको नियमसमेत ल्याएको छ । जसका लागि कुकुर धनीले २ सय रुपैयाँ दर्ता शुल्क बुझाउनुपर्छ । दर्ता भएका कुकुर लाई एक हजार रुपैयाँ बराबरको निशुल्क सेवा दर्ता भएका ती कुकुर को मृत्यु भएमा नगरपालिकाले नै व्यवस्थापन गरिदिने गरेको छ । पालिकाले नगर क्षेत्रभित्र रहेका छाडा कुकुर व्यवस्थापन गर्न 'घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि-२०७९' नै बनाएको छ । *(स्रोत: अनलाइनखबर)*

# एक पटक सरकारको नेतृत्व गर्ने असाध्यै हुटहुटी छ : विप्लव

बुटवल/नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले ५ वर्ष सरकारको नेतृत्व गर्न पाए देशमा धेरै परिवर्तन गर्नसक्ने बताएका छन् । शनिबार बुटवलमा आयोजित अन्तर्क्रियामा उनले संविधान संशोधन, जनमत संग्रह वा निर्वाचन जुनसुकै विधिबाट आफू सरकारको नेतृत्व गर्न तयार रहेको बताए ।

'जनमत संग्रह, निर्वाचन वा संविधान संशोधन जेबाट भएपनि जनताबाट चुनिएर सरकारको नेतृत्वमा जाने कुरामा हाम्रो विमति छैन, तर त्यसो गर्दा स्थिरता हुनुपर्छ, किसान र मजदुर वर्गको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ', विप्लवले भने, 'एकपटक सरकारको नेतृत्वमा पुगेर गोरुझैं जोतिएर ५ वर्ष काम गरी देशलाई परिवर्तन गर्ने असाध्यै हुटहुटी छ ।' उनले अन्य दलहरुसँग एकपटक आफूलाई सरकारको नेतृत्व दिन आग्रह गरे ।

२१ औं शताब्दीको वैज्ञानिक समाजवाद पूर्णरुपले सफल हुन नसकेकाले नेपाली विशेषताको समाजवादी व्यवस्थामा जानुपर्ने आफ्नो पार्टीको स्पष्ट लाइन रहेको चन्दले खुलाए ।

दलाल पुँजीवाद र साम्राज्यवादको हस्तक्षेपले मुलुकको राष्ट्रिय स्वाधीनता र अर्थतन्त्र पर निर्भर भएकाले देशलाई स्वाधीन र आत्मनिर्भर बनाउन नेपाली विशेषताको समाजवादमा सबै दल सहमत हुनुपर्ने उनले आग्रह गरे ।

'सबैजसो दलहरुले कुनै न कुनै समाजवाद भनिरहेका छन् तर देशलाई निकास दिने नेपाली विशेषताको समाजवाद नै हो, यसमा कांग्रेस लगायत लोकतान्त्रिक शक्ति र वामपन्थी दलहरुबीच वहस गरौं', चन्दले भने, 'हाम्रो दुश्मन शक्ति भनेको दलाल पुँजीवाद र साम्राज्यवाद हो जसले नेपालको प्राकृतिक स्रोत, राष्ट्रिय पुँजी र सम्पदामाथि हमला गरिरहेको छ, अरु शक्तिसंग मिलेर जान तयार छौं ।'


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३

# स्थानीय सरकार र नगरबासीको भूमिकामाथि अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ सामदान मण्डली समाजको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित 'स्थानीय सरकार र नगरवासीको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न भएको छ ।

शनिवार सामदान चर्चको सभाहलमा सामदान मण्डली समाजका अध्यक्ष रामकृष्ण पन्तको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नं. ४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमामा कार्यक्रम भएको हो । हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष सिग्देलले स्थानीय जनप्रतिनिधिले गरेका कामको निगरानी मिडियाले सूक्ष्मढंगले गर्नुपर्नेमा जोड दिए । उनले सुन्दरनगर निर्माण गर्ने अभियानमा रहेको बताउँदै यसका लागि नगरवासीको भूमिका महत्वपूर्ण हुनेमा जोड दिए ।

सडक, शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रको विकास गरि रहेका छौँ तर, विपक्षी दलले बजेट नदिएर अवरोध गरिरहेको आरोप लगाएको बताउँदै उनले वर्तमान सरकारले गरेका कामको खुला आलोचना गर्नुपर्ने बेला आएकोले खबरदारी गर्न आग्रह गरे । त्यस्तै नेपाली कांग्रेस बागमती प्रदेश सदस्य प्रदीप कोइरालाले नगरको विकासमा कसैले पनि अवरोध गर्न नहुने बताए ।

युवा संघ बागमती प्रदेशका कोषाध्यक्ष नरेन्द्र भण्डारीले जनताको सहयोग नभएसम्म विकासका कामले गति लिन असम्भव रहेको बताए ।



उनले युवाविना देशको विकास सम्भव नरहेको भन्दै विकास निर्माणका काममा सरकार र नागरिक हातेमालो गरेर अघि बढ्न जरुरी रहेको बताए । त्यस्तै गैसस महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटाले समाजको विकासमा विभिन्न सैसंस्थाको भूमिका महत्वपूर्ण रहेको बताइन् । उनले एकले अर्कालाई आरोपत्यरोप गर्नुभन्दा पनि नगरवासीले महसुस हुने खालको विकास गर्नको लागि जनप्रतिनिधिलाई आग्रह समेत गरिन् ।

रिकभरिङ नेपालका केन्द्रीय सदस्य सौजन डीसी, लियो जिल्ला परिषद् ३२५ एस नेपालका उपाध्यक्ष अनिल अधिकारी, वस्तीपुर जेसीज वर्ष २०२४ का अध्यक्ष अमित पाठक, योगदान राष्ट्रको लागि मकवानपुरका अध्यक्ष मिलन सेडाई लगायत अतिथिले कार्यक्रममा नगरपालिका र वडा कार्यालयले नगरवासीको हित र कल्याणका लागि केकस्ता भूमिका निर्वाह गर्नुपर्छ र नगरको विकास गर्नको लागि नगरवासीको भूमिका कस्तो हुन्छ पर्छ भन्ने विषयमा बोलेका थिए । कार्यक्रममा मामाघर नेपालका संरक्षक तथा हेटौंडा क्याम्पसका प्राध्यापक अर्पण पराजुलीले सुन्दर नगर हेटौंडाको नमूना प्रस्तुत गर्दै नागरिकको भूमिका र स्थानीय सरकारले गर्नुपर्ने विषयमा धारण राखेका थिए ।

संस्थाका सहसचिव युवराज विमलीले स्वागत मन्तव्य दिएको कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारुमगर, नेकपा एमाले हेटौंडा-४ का अध्यक्ष राजेन्द्र वास्तकोटी, नगर पास्टर एसोसिएसनका अध्यक्ष अशोक अधिकारी, पास्टर एसोसिएसनका पूर्वअध्यक्ष रामचन्द्र प्याकुरेल, अन्नपूर्ण पोष्ट दैनिकका सरोज पौडेल, प्रेस चौतारी मकवानपुरका सहसचिव मनिता राना, रेडियो थाहासञ्चारकी निशा गुरुङ, प्रदेशसञ्चार डटकमकी मञ्जु मैनाली लगायत सञ्चारकर्मी, विभिन्न संघसंस्थाका पदाधिकारी, अभिभावकलगायत १ सय ४० बढीको सहभागिता थियो ।

# ज्योतिको प्रथम साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा-२ मा रहेको ज्योति बचत तथा ऋण सहकारी संस्थाको प्रथम वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको रोजगार प्रवर्द्धन तथा सहकारी प्रमुख हिम प्रसाद पौडेलको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष विवेक पराजुलीको अध्यक्षतामा कार्यक्रम भएको हो । ७१९ जना शेयर सदस्य रहेको सहकारीको कुल शेयर पूजिँ ६५ लाख ८२ हजार ३ सय रुपैयाँ रहेको सहकारीका अध्यक्ष पराजुलीले जानकारी दिए ।

सहकारीले साधारण सभाको अवसरमा असल बचतकर्ता र उत्कृष्ठ ऋणीलाई समेत सम्मान गरेको छ । नयाँ खुलेको सहकारी भएका कारण अन्य संस्थाले गर्नुपर्ने विधागत सम्मान र एसईई परीक्षामा उत्कृष्ठ अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई आगामी वर्षदेखि सम्मान गर्ने अध्यक्ष पराजुलीले जानकारी दिए ।

सहकारीले ८० लाख ४९ हजार ३१७ रुपैयाँ ऋण लगानी गरेको र २ करोड ७८ लाख २९ हजार ९५७ रुपैयाँ बचत संकलन गरेको सहकारीको प्रतिवेदनमा उल्लेख छ । कार्यक्रममा सजिलो बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष ध्रुव अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# सहयोगी साकोसको शेयर पुँजी पौने दुई करोड




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ थाहानगरस्थित सहयोगी वचत तथा ऋण सहकारी संस्था लि.को १६ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

अध्यक्ष अञ्जल प्रधानको सभाध्यक्षतमा सम्पन्न साधारणसभामा प्रमुख अतिथि थाहा नगरपालिका प्रमुख विष्णु विष्टले जनताको सहज जीविकोपार्जनका लागि सहकारी नै बिकल्प रहेको बताए । विष्टले थाहा नगरमा निर्माणाधीन सीतभण्डारको काम यथासीघ्र सम्पन्न गर्न नगर पालिका लागिरहेको बताए ।

कार्यक्रमको अवसरमा थाहानगर सहकारी शाखाप्रमुख अस्मिता तिवारी घिमिरे, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर विष्ट, सुखी भविष्य वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेन्द्रमान प्रधान, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल, १ नम्बर वडाका कार्यवाहक अध्यक्ष सरोज प्रधानलगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

साधारणसभामा अध्यक्ष प्रधानले भावी नीति तथा कार्यक्रम, सचिव धर्मलाल प्रधानले प्रगति प्रतिवेदन, कोषाध्यक्ष राजमान श्रेष्ठले आर्थिक प्रतिवेदन र लेखासुपरीवेक्षण समितिका संयोजक प्रदीप प्रधानले सुझावसहितको प्रतिवेदन प्रस्तुत गरे । संस्थाका कोषाध्यक्ष श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा संस्थाको कुल शेयर पुँजी १ करोड ७१ लाख ४४ हजार ८ सय रुपैयाँ रहेको छ ।

संस्थामा कुल वचत १२ करोड ७ लाख ६ हजार ७ सय ७१ रुपैयाँ रहेको छ भने कर्जातर्फ ११ करोड ५३ लाख ६४ हजार ३ सय ६४ रुपैयाँ रहेको छ । जसमा सबैभन्दा बढी व्यापार शीर्षकमा ५ करोड ४८ लाख १६ हजार ६ सय ८८ रुपैयाँ लगानी रहेको छ । कर्जाबाट कुल व्याज १ करोड ३२ लाख १७ हजार ८ सय ५६ रुपैयाँ रहेकोमा बचतमा व्याज खर्च १ करोड ८ लाख १० हजार ४ सय ६५ रुपैयाँ रहेको छ । संस्थाले गत आवमा कुल २४ लाख ७९ हजार ३ सय २४ रुपैयाँ नाफा कमाएको छ ।

# रजतजयन्ती मनाउँदै हेटौंडा एकेडेमी

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ हेटौंडा-११ मा रहेको हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले र जतजयन्ती मनाउने भएको छ । २०५५ सालमा स्थापना भएको विद्यालयले शनिबार विद्यालयको प्राङ्गणमा पत्रकार सम्मेलनको आयोजना गरी रजत जयन्तीका अवसरमा हुने सप्ताहव्यापी कार्यक्रमको बारेमा जानकारी दिइएको हो ।

माघ २९ गतेबाट कार्यक्रम सुरु भई फागुन ६ गते सप्ताहव्यापी कार्यक्रमको समापन हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले बताए । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत माघ २९ गते शोभायात्रा हुनेछ । सांस्कृतिक झाँकी, स्काउट समूह सहित हुप्राचौरबाट सुरु भइ पारिजात पथ, स्कूलरोड, सीमाचोक, बुद्धचोक हुँदै जिल्ला प्रहरी कार्यालय अगाडिको प्राङ्गणमा आएर समापन हुनेछ । कार्यक्रमको संयोजक मोहन लामा रहेका छन् । फागुन १ गते माधवराज सुमार्गी स्मृति माविस्तरीय टि-२० क्रिकेट प्रतियोगिता हुनेछ ।

नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वप्रशिक्षक एवम् यू-१९ नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक जगत टमाटाको प्रमुख आतिथ्यतामा प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम र दोस्रो हुने टिमलाई क्रमश: नगद २५ हजार र १५ हजार रुपैयाँ प्रदान गरिने छ । क्रिकेट प्रतियोगिताको संयोजन रविन पौडेल रहेका छन् । नेपाल क्रिकेट संघ र मकवानपुर क्रिकेट संघसँगको सहकार्यमा हेटौंडा एकेडेमीले एचए क्रिकेट एकेडेमी पनि सञ्चालन गर्ने सुमार्गीले बताए ।




सप्ताहव्यापी कार्यक्रमको तेस्रो दिन फागुन २ गते रुपचन्द्र विष्ट 'थाहा' स्मृति अन्तरमावि हाजिरी जवाफ प्रतियोगिता हुनेछ । सुदर्शन ढकालले संयोजन गर्ने हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई क्रमश: नगद १० हजार, ८ हजार र ५ हजार रुपैयाँ प्रदान गरिने छ । फागुन २ गतेदेखि फागुन ६ गतेसम्म विद्यालयको प्राङ्गणमा पुस्तक प्रदर्शनी हुनेछ । पुस्तक प्रदर्शनीको संयोजन समिर ढकाल रहेका छन् ।

सप्ताहव्यापी कार्यक्रमको चौथो दिन फागुन ३ गते हेटौंडा एकेडेमी सिङ्गिङ स्टार प्रतियोगिता हुने भएको छ । यो कार्यक्रमको संयोजन होस्टल वार्डेन पेम्बा लामा रहेका छन् । यसैगरी फागुन ४ गते हेटौंडा एकेडेमी डान्सीङ आइडल, फागुन ५ गते वृहत कवि सम्मेलन हुने छ ।

फागुन ६ गते वरिष्ठ कलाकार हरिवंश आचार्यको प्रमुख आतिथ्यतामा रजयजयन्ती स्मारिका विमोचान गर्नुकासाथै सम्मान कार्यक्रम, पुरस्कार वितरण तथा विद्यार्थीको प्रतिभा प्रदर्शन हुनेछ । पत्रकार सम्मेलनमा विद्यालयका प्रमुख कार्यकारी अधिकृत रमेश रिमाल, प्राचार्य गौरीदेवी चिमरिया, व्यवस्थापन समितिका सदस्य अंकिता सुमार्गी लगायतको आतिथ्यता रहेको थियो ।

# 'ल्होछारले बन्धुत्व विकासका लागि उत्प्रेरित गरोस'

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्माले तामाङ समुदायले मनाउँदै गरेको तामाङ समुदायको मौलिक सांस्कृतिक पर्व २८६० औं डुक ल्हो (सोनाम ल्होछार) ले आपसमा बन्धुत्व विकासका लागि उत्प्रेरित गरोस् भन्दै शुभकामना व्यक्त गरेका छन् ।

प्रदेश प्रमुख शर्माले शनिबार एक सन्देश जारी गर्दै विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् आपसमा बन्धुत्व विकासका लागि यस पर्वले हामीलाई उत्प्रेरित गरोस् भन्ने कामना गरेका हुन् । तामाङ समुदायले नयाँ वर्षको रुपमा माघशुक्ल प्रतिपदाका दिन हर्षोल्लासपूर्ण वातावरणमा यो पर्व मनाउँदै आएको भन्दै प्रमुख शर्माले हाम्रा सबै मौलिक पर्वहरु राष्ट्रिय चाड भएको बताए ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजमा तामाङ समुदाय पनि एक महत्वपूर्ण अंग भएको प्रमुख शर्माको भनाई छ । प्रमुख शर्माले सन्देशमा भनेका छन् 'तामाङ समुदायमा मनाइने यस पर्वले हाम्रो धर्म, संस्कृति, रितीरिवाज तथा परम्पराको सम्बर्द्धन एवम् संरक्षण गर्न महत्वपूर्ण योगदान गर्दछ भन्नेमा म विश्वस्त छु ।'

# जेरिना कम्प्युटरको सूचनाप्रबिधि सम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ सूचनाप्रविधिसम्बन्धी सरोकारवाला निकायलाई जानकारी दिने उद्देश्यले हेटौंडामा आयोजना गरिएको एकदिने सूचनाप्रविधिसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

जिल्लाका विभिन्न क्षेत्रमा रही सूचनाप्रविधिसम्बन्धी व्यवसाय गर्ने, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत र बिभिन्न पेशामा संलग्न सरोकारवालालाई समावेश गरी अभिमुखीकरण गरिएको हो । मकवानपुरलगायत छिमेकी जिल्लामा कम्प्युटर तथा बिभिन्न सूचनासंचारप्रविधिको क्षेत्रमा कार्य गर्दै आएको चर्चित सप्लायर्स जेरिना कम्प्युटर इन्फोसिसको आयोजना र संसारका झन्डै ६० भन्दा बढी देशमा सूचना र प्रविधिसँग सम्बन्धित सामग्री उत्पादन र वितरण गर्दै आइरहेको रुजी-रेइ ब्राण्डको सहयोगमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको जेरिना कम्प्युटर इन्फोसिसका सञ्चालक जीतेन्द्रप्रसाद कुशवाहाले जानकारी दिए ।

अभिमुखीकरण कार्यक्रममा रुजी-रेइ कम्पनीको तर्फबाट प्रशिक्षक रोशन गिरीले सूचना प्रविधिसँग सम्बन्धित प्रशिक्षण दिएका थिए । प्रशिक्षणमा सहभागीमध्ये आफ्ना अनुभव राख्दै राक्सिराङ गाउँपालिकाको कर्मचारी नवरज रिजालले नेटवर्क र इन्टरनेटसम्बन्धी धेरै जानकारी प्राप्त गर्ने अवसर पाएको प्रति आयोजकलाई धन्यवाद दिए । बढ्दो बजारीकरण, प्रविधिको उच्चतम प्रयोग एवम् दिनानुदिन प्रविधिको विकाससँगै नयाँ-नयाँ प्रविधि नेपालमा पनि भित्रिरहेको सन्दर्भमा अभिमुखीकरणबाट अपडेट हुने अवसर मिलेको सहभागीले बताए ।

विगत लामो समयदेखि मकवानपुर र आसपासमा सूचना तथा सञ्चारप्रविधिसम्बन्धी सेवा प्रदान गर्दै आएको जेरिना कम्प्युटर इन्फोसिसले रुजी-रिको आधिकारिक वितरकको रुपमा प्रविधि पनि बिक्रि सुरु गरेको सञ्चालक कुशावाहाले बताए । चीनमा उत्पादन हुने यो प्रविधिले विश्वबजारमा विभिन्न अवार्ड तथा पुरस्कार प्राप्त गरि सकेको बताइएको छ । नेपालमा नेटवर्क र इन्टरनेट डिभाइसमा ठुलो बजार हिस्सा लिने कम्पनीका प्रतिनिधिले दावी गरेका छन् ।

मकवानपुर, बारा, चितवनस्थित बिभिन्न गाउपालिका, नगरपालिका, विद्यालयका शिक्षक, सूचनाप्रविधिका सप्लायर्स र संचारकर्मीको सहभागिता रहेको अभिमुखीकरण कार्यक्रममा नेटवर्क डिजाइन, नेटवर्क र इन्टरनेट उपकरणको उत्पादन र बिक्री वितरण, नेटवर्क सुरक्षा सम्बन्धी जानकारी दिइएको थियो ।

# वन उपभोक्तालाई डढेलो नियन्त्रणसम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मनहरी गाउँपालिकाका वन उपभात्का समूहका पदाधिकारीलाई डँढेलो नियन्त्रणसम्बन्धी अभिमुखीकरण गरिएको छ । बिहीबार र शुक्रबार दुइदिन आगलागी तथा डँढेलो नियन्त्रणसम्बन्धी सचेतनामुलक अभिमुखीकरण गरिएको हो ।

मनहरी गाउँपालिकाको आयोजनामा भएको कार्यक्रममा राप्ती डिभिजन वन कार्यालय मनहरीका वन अधिकृत गगन शर्मा र सुन्दर सामुदायिक बन उपभोक्ता समितिका पूर्वअध्यक्ष बुद्धिप्रसाद पौडेलले बन डँढेलो नियन्त्रण सम्बन्धी प्रशिक्षण दिएका थिए । कार्यक्रममा प्रशिक्षकले आवश्यक सामग्री सहित प्रत्यक्षरुपमा डँढेलो नियन्त्रणका तरिकाहरु सिकाएका थिए ।

वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक एवम् ९ नं वडा अध्यक्ष राजकुमार श्रेष्ठ र ३ नं वडा अध्यक्ष अनन्त प्रकाश अर्याल लगायत वन उपभोक्ता समितिका पदाधिकारीलाई डँढेलो नियन्त्रण गर्ने पोशाक लगाएर प्रत्यक्ष प्रशिक्षण दिइएको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्रेष्ठको सभाध्यक्षता रहेको थियो ।

सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकालले सहजीकरण गरेका थिए । कार्यक्रममा १ नम्बर वडाअध्यक्ष शिवप्रसाद खनाल, ७ नम्बर वडाका कार्यवाहक अध्यक्ष नवराज सुवेदी, कार्यपालिका सदस्य लगायत मनहरी गाउँपालिका क्षेत्रमा पर्ने सामुदायिक वनका पदाधिकारीको उपस्थिति रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना